# शितगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### ठाडा, अर्घाखाँची
### ५नं प्रदेश नेपाल
### सूचना प्रकाशित मिति २०७४/११/१०
# सेवा करार सम्बन्धी पुनःसूचना प्रकाशित गरिएको ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP),कार्यक्रम समन्वय ईकाई,सिहदरबार काठमाण्डौंको प.स. २०७४/०७५ च.न. १२७ मिति २०७४/०७/१७ को पत्रानुसार यस नगरपालिकामा सूचना प्रविधि अधिकृत (IT Officerr) को सेवा करारमा लिनु पर्ने भए अनुसार मिति २०७४/०९/०३ को दैनिक पत्रमा प्रकाशित सूचना अनुसार दर्खास्त पेश गरेका उम्मेदवारहरु मध्येबाट योग्य उम्मेदवारको छनोट हुन नसकेको हुंदा तपसिल बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले **७(सात)** औं दिनको कार्यालय समयभित्र तोकिएको ढांचामा दरखास्त दर्ता गराउनु हुन सम्बन्धित सवैको जानकारीको लागि पुनःयो सूचना प्रकाशित गरिएको छ ।

१.शैक्षिक योग्यता : लोक सेवा आयोगले लिने "कम्प्युटर अधिकृत" पदको लागि तोकिएको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer information technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BTI,BIM,BBIS,BCA,BCIS,BELT,BScCSIT,BE Elelctronics and Communication Engineering तथा BTech Elelctronics and Communication Engineering) गरेको उपाधि ।
२.सूचना प्रविधि अधिकृतको कार्य शर्तको विवरण (TOR) संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७४/०३/२८ को निणयानुसार हुनेछ ।
३.संलग्न गर्नुपर्ने कागजातहरु : व्यक्तिगत विवरण (Bio Data)का साथ नोटरी पब्लिकबाट प्रमाणित नेपाली नागरिकताको प्रमाणमत्र, शैक्षिक योग्यताको प्रमाणपत्र (समकक्षता निर्धारण गर्नु पर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको पत्र ) र अनुभवका प्रमाण पत्रहरु १/१ प्रति ।
४.आबेदन दस्तुर : रु.१,०००।०एकहजार मात्र राष्ट्रिय वाणिज्य बैंक, सन्धिखर्क शाखा स्थित यस कार्यालयको नाममा रहेको मुल सञ्चित कोष खाता नं. ३०५०३०४०१८१०७ मा जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयमा नगदै बुझाएको नगदी रसिद पेश गर्नु पर्नेछ ।
५.छोटो सूचिको लागि उम्मेदवार छनौटका आधारहरु देहायब बमोजिम हुनेछन :

| क.स | सूचकहरु | पूर्णाङ्क |
|---|---|---|
| १ | छोटो सूचीको लागि | |
| १.१ | शैक्षिक योग्यता | ३० |
| १.२ | कार्य अनुभव सूचना अनुसार न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात | ४० |
| १.३ | उम्मेदवारको स्थायी, ठेगाना | २० |
| १.४ | २ वर्ष भन्दा माथि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ICT Volunter वा Expert वा अन्य कुनै सामुदायिक विकास कार्यक्रममा सूचना प्रविधि अधिकृतको रुपमा कार्य गरेको । | १० |

६.तलव स्केल : रु ४०,०००/- चालीस हजार मात्र ।
७.करार अवधि : २०७५ असार मसान्त सम्म ।
८.थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
९.अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठित छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**